# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४० ) काठमाडौं, मंसीर २४ गते २०४७ साल ( संख्या ३४


## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले कर फछ्र्यौट आयोग ऐन, २०३३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी देहायबमोजिमको अध्यक्ष र सदस्य भएको कर फछ्र्यौट आयोग गठन गरी आयोगको काम कर्तव्य अधिकार तथा कार्यविधि देहायबमोजिम तोकेको छ ।

१. आयोगको गठनविधि:

(क) श्री चण्डीप्रसाद श्रेष्ठ उप-सचिव अर्थ मन्त्रालय – अध्यक्ष

(ख) सम्बन्धित कर कार्यालय प्रमुख – सदस्य

(ग) चार्टर्ड एकाउन्टेन्टस् एसोसिएशनको प्रतिनिधि – सदस्य

२. आयोगको कार्यक्षेत्र:

देहायका व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाको आय वर्ष २०४६।४७ सम्मको आयकर निर्धारण गर्ने ।

(क) कसैलाई राय सल्लाह, परामर्श, प्रशिक्षण चिकित्सा, लेखापालन, लेखा-परीक्षण वकालत वा यस्तै आय आर्जन हुने कुनै काम, अध्ययन वा अनुसन्धान गरी दिए बापत आय आर्जन वा प्राप्त गर्ने मध्ये हालसम्म कर कार्यालयमा आय विवरण पेश नगरी बसेका,

(ख) पेशा व्यवसायीको रूपमा आफ्नो सेवा उपलब्ध गराई कमिशन, फी, शुल्क पारिश्रमिक वा यस्तै प्रकारको आय आर्जन वा प्राप्त गर्ने मध्ये हालसम्म कर कार्यालयमा आय विवरण पेश नगरेका,

(ग) विदेशी फर्म, कम्पनी वा व्यक्तिको स्थानीय प्रतिनिधि भई पारिश्रमिक वा कमिशन आय आर्जन गर्ने,

(घ) वार्षिक रू. एकलाखभन्दा बढी घरजग्गा बहाल आर्जन वा प्राप्त गर्ने।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।